# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७३।०४।०१ गते

# प्रेस विज्ञप्ति

**विषयः यातायात व्यवस्था कार्यालय, नारायणीका नायव सुव्वा प्रेम कुमार भट्टराईलाई घुस रकम सहित नियन्त्रणमा लिईएको ।**

---

कानून वमोजिम लिलामी भएको सवारी साधन नियमानुसार दर्ताका लागि यातायात व्यवस्था कार्यालय, नारायणीमा निवेदन दिएकोमा सबै प्रकृया पुरा गरी सवारी दर्ता किताव तयार भै सकेपछि सोही कार्यालयका नायव सुव्वा प्रेम कुमार भट्टराईले उक्त दर्ता किताव सेवा ग्राहीलाई उपलव्ध नगराई आफ्नो साथमै राखी घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडास्थित कार्यालयबाट खटि गएको टोलीले रु. २०,०००।- (अक्षरुपी वीस हजार) घुस रकम लिई सवारी दर्ता किताव दिदैं गर्दाको अवस्थामा निज ना.सु. भट्टराईलाई वारा जिल्ला, निजगढ स्थित गौतम मुनलाईट होटल परिसरबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(कृष्णहरि पुष्कर)
सहसचिव एवं प्रवक्ता